# Ⅶ सूचना तथा संचार

## Ⅶ-1 टेलिफोन

### 1. नयाँ फोनका लागि निवेदन

घरमा लैंडलाइन राख्दा, सार्वजनिक फोनबाट, "116 वा मोबाइल फोनबाट 0800-2000-116 मा NTT नामक टेलिकम कम्पनीमा सम्पर्क गरि निवेदन को प्रक्रिया सुरु गर्न सक्नु हुन्छ ।

तपाईं होमपेजबाट पनि आवेदन दिन सक्नुहुन्छ । आवेदनको समयमा आईडी कार्ड वा निवास कार्ड र भुक्तानि गर्ने प्रकिया नगद वा बैंक कार्डको आवश्यक पर्छ ।

《एक पटक भुक्तान》 (कर बाहेक)

| | अनुबन्ध शुल्क | समान जडान लागत | जडान लागत | कुल रकम | |
|---|---|---|---|---|---|
| टेलिफोन सदस्यता (सदस्यता खरीद गर्दा) | **880** एन | **39,600** एन | अनावश्यक | **40,480** एन | दीर्घकालीन प्रयोगको लागि (कम मासिक शुल्क) |
| टेलिफोन सदस्यता • लाइट प्लान (सदस्यता भाँडामा लिदा) | **880** एन | अनावश्यक | **2,200** एन | **3,080** एन | छोटो अवधिको लागि (भाडामा लिने लागत सस्तो छ।) |

### 2. मासिकशुल्क बुझाउन

मासिक शुल्क प्रयोग गरे बापत लाग्ने शुल्क हो । यो फोन गर्दा लाग्ने कल चार्ज पनि हो । टेलिफोन लिईसके पछि बिल प्रत्येक महीना तिर्नुपर्छ । बैंक, कन्बिनी स्टोर आदि बाट मासिक शुल्क बुझाउन सकिन्छ । त्यस बाहेक खाता र डेबिट कार्ड तथा क्रेडिट कार्डबाट पनि भुक्तानी गर्न सकिन्छ । रकम भुक्तानी नभए टेलिफोन कट्ने भएकोले समयमा बुझाउनु पर्दछ।

### 3. टेलिफोन सेवा

जाँच र टेलिफोन सेवा र अन्य सेवाहरू प्रयोगका लागि निवेदन दिएकाहरुले शुल्कहरू तथा बिस्तृत जानकारीको लागि, कृपया NTT को पश्चिम जापान बिभागमा सम्पर्क गर्नुहोस्। URL http://www.ntt-west.co.jp/

| | टेलिफेन न. | सोधपुछ समय |
|---|---|---|
| **NTT West Information** विदेशी भाषा परामर्श केन्द्र | **0120 - 064 - 337** | ( सोम - शुक्र) **9:00～17:00** अग्रेजी, स्पेनिश, कोरियाली, पोर्चुर्गाली र चिनियाँभाषी मात्र उपलब्ध छ |
| नयाँ टेलिफोनको लिदा/ टेलिफोन सार्दा अरु विविन्न सेवा लिनको लागि | **116** (मोवाइल) **0800-2000-116** | **9:00～17:00** शनिवार, आइतवार, र राष्ट्रिय बिदामा पनि खुल्ला |
| टेलिफोन ब्रेकडाउन भएमा | **113** (मोवाइल) **0120-444-113** | २४ घन्टा (रेकर्डिंग द्वारा सोधपुछ) |
| बिभिन्न ठाउँको फोन नम्बर मार्गदर्शन (सशुल्क) | **104** | २४ घन्टा |
| विपत्ती पर्दा दिने सन्देश डायल | **171** | प्रकोप/विपत्तीको समयमा मात्र समय |